# प्रतिलिपि अधिकार नियमावली, २०६१

नेपाल राजपत्रमा प्रकाशन मिति
२०६१।४।१८

संशोधन
प्रतिलिपि अधिकार (पहिलो संशोधन) नियमावली, २०६९ २०६९।९।२३

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रतिलिपि अधिकार नियमावली, २०६१" रहेकोछ ।

(२) यी नियमावली तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रतिलिपि अधिकार ऐन, २०५९ सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले नियम ६ बमोजिम गठन भएको रोयल्टी संकलन संस्था सम्झनु पर्छ ।

३. **रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणको दर्ता सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५ को उपदफा (२) बमोजिम कुनै रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्न चाहने रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणका धनीले आफ्नो सबुत प्रमाण सहित अनुसूची-१ बमेजिमको ढाँचामा रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा रजिष्ट्रारले सो निवेदन सम्बन्धमा जाँचबुझ गरी आवश्यक भए थप कागजात पेश गर्न निवेदकलाई आदेश दिनेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको कागजात समेतबाट निवेदकको नाममा त्यस्तो रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्न मनासिब देखिएमा रजिष्ट्रारले कागजात पेश भएको मितिले र कागजात माग नगरिएको भए निवेदन परेको मितिले पैंतीस दिनभित्र एकसय रुपैंया दस्तुर लिई निवेदकको नाममा सो रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गरी निवेदकलाई अनुसूची-२ बमोजिमको ढाँचामा रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम माग गरिएको कागजात समेत जाँचबुझ गर्दा निवेदकको नाममा त्यस्तो रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्न मिल्ने नदेखिएमा रजिष्ट्रारले त्यसको कारण खुलाई सात दिनभित्र निवेदकलाई जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गर्ने प्रयोजनको लागि रजिष्ट्रारले दर्ता किताबको व्यवस्था गर्नु पर्नेछ ।

४. **व्यहोरा सच्याउने** : (१) नियम ३ बमोजिम दर्ता भएको विवरणमा कुनै कुरा सच्याउनु परेमा रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणका धनीले यसको कारण खुलाई रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा व्यहोरा सच्याउन मनासिब देखिएमा रजिष्ट्रारले सो विवरण दर्ता किताबमा सच्याई त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

५. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकार** : ऐनमा लेखिए देखि वाहेक रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिलिपि अधिकारको संरक्षण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने,

(ख) प्रतिलिपि अधिकारको दर्ता गरी त्यसको विवरण अद्यावधिक गराई राख्ने,

(ग) संस्थाको स्थलगत निरीक्षण गर्ने तथा त्यस्तो संस्थाबाट गरिने काम कारबाहीमा कुनै कमी कमजोरी भए सो सुधार गर्न आवश्यक निर्देशन दिने ।

६. **संस्थाको गठन** : (१) ऐनको दफा ३९ को प्रयोजनको लागि सामान्यतया एउटा विधामा रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण धनी सहित कम्तीमा सात सदस्य रहेको रोयल्टी संकलन संस्था गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम संस्था गठन गर्दा कम्तीमा पचास जना साधारण सदस्य राख्नु पर्नेछ ।

७. **संस्था दर्ता गर्न निवेदन दिनु पर्ने** : संस्था दर्ता गर्न चाहने व्यक्तिले देहायका विवरणहरू खुलाई अनुसूची-३ बमोजिमको ढाँचामा रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संस्थाको उद्देश्य,

(ग) संस्थाको सदस्यको आवश्यक योग्यता र सदस्यता शुल्क सम्बन्धी व्यवस्था,

(घ) संस्थाको सदस्यको निष्काशन र राजीनामा सम्बन्धी व्यवस्था,

(ङ) संस्थाको साधारण सभा सम्बन्धी व्यवस्था,

(च) संस्थाको कार्यकारिणी समितिको गठन र निर्वाचन सम्बन्धी प्रकृया,

(छ) संस्थाको कार्यकारिणी समितिको बैठक सम्बन्धी कार्यविधि,

(ज) संस्थाको कोष तथा आय-व्यय र लेखा परीक्षण सम्बन्धी व्यवस्था,

(झ) संस्थाको प्रशासकीय र व्यवस्थापकीय कामको लागि खर्च गर्न पाउने रकम,

(ञ) संस्थाको रोयल्टी संकलन र वितरण गर्ने सम्बन्धी व्यवस्था,

(ट) संस्थाको उजुरी सम्बन्धी व्यवस्था,

(ठ) संस्थाको विधान संशोधन प्रकृया,

(ङ) अन्य आवश्यक कुराहरू ।

८. **संस्था दर्ताको प्रमाणपत्र दिने**: (१) नियम ७ बमोजिम संस्था दर्ताको लागि निवेदन परेमा रजिष्ट्रारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो संस्था दर्ता गर्न मिल्ने देखिएमा निवेदन परेको नब्बे दिनभित्र पाँच हजार रुपैंया दस्तुर लिई निवेदकलाई अनुसूची- ४ बमोजिमको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निवेदकको नाममा त्यस्तो संस्था दर्ता गर्न मिल्ने नदेखिएमा रजिष्ट्रारले त्यसको कारण खुलाई सात दिनभित्र निवेदकलाई जानकारी दिनु पर्नेछ ।

९. **संस्थाको अवधि र नवीकरण** : (१) नियम ८ बमोजिम दिइएको प्रमाणपत्रको अवधि दुई वर्षको हुनेछ ।

(२) प्रमाणपत्र नवीकरण गर्न चाहने व्यक्तिले त्यस्तो प्रमाणपत्रको अवधि समाप्त भएको तीस दिनभित्र तीन हजार रुपैंया दस्तुर सहित अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति विवरण संलग्न गरी रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र प्रमाणपत्र नवीकरण गराउन नसक्ने व्यक्तिले सो म्याद नाघेको पैंतीस दिनभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत थप दस्तुर समेत राखी प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम निवेदन परेमा रजिष्ट्रारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रमाणपत्र नवीकरण गर्न मनासिब देखेमा सो प्रमाणपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको म्यादभित्र पनि कसैले प्रमाणपत्र नवीकरण नगराएमा त्यस्तो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

१०. **संस्थाको काम, कर्तव्य र अधिकार** : संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित विधाका स्रष्टालाई संस्थाको सदस्यता प्रदान गर्ने,

(ख) रचयिता वा सम्बन्धित विधाका धनीले पाउने रोयल्टी रकम निर्धारण गरी प्रकाशन गर्ने,

(ग) रोयल्टी संकलनको मापदण्ड बनाई लागू गर्ने,

(घ) रचयिता वा सम्बन्धित विधाका धनीले पाउने रोयल्टी रकम संकलन गरी वितरण गर्ने,

(ङ) संस्थाले गरेको काम कारबाहीको जानकारी रजिष्ट्रारलाई गराउने ।

११. **प्रगति वितरण तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने** : संस्थाले आफूले वर्ष भरीमा गरेको कामको प्रगति विवरण तथा वार्षिक लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

१२. **अन्तर्राष्ट्रिय रोयल्टी संकलन संस्थासँग आवद्ध भएको जनाउ दिनुपर्ने** : कुनै संस्थाले अन्तर्राष्ट्रिय रोयल्टी संकलन संस्थासँग आवद्ध भई कुनै काम गरेमा त्यसको जानकारी तुरुन्त रजिष्ट्रारलाई दिनु पर्नेछ ।

१३. **अनाधिकार प्रतिलिपिको पैठारी भएमा गर्ने** : भंसार अधिकृतले नेपाल Δ .......... भित्र कुनै अनाधिकार प्रतिलिपिको सामग्री पैठारी हुन लागेको थाहा पाएमा वा निजलाई सो शंका लागेमा त्यस्तो सामग्रीको सम्बन्धमा ऐनको दफा ३४ बमोजिम गरी त्यसको जानकारी सो सामग्री पैठारी गर्ने व्यक्ति, भंसार विभागको महानिर्देशक र आवश्यकतानुसार सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ ।

१४. **परीक्षण र विशेषज्ञ सेवा दस्तुर** : रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणका धनीले आर्थिक तथा नैतिक अधिकार उल्लङ्घन भयो भनी दिएको निवेदन अनुसार कुनै सामग्री प्रयोगशालाबाट परीक्षण गर्नु पर्दा वा सो सामग्रीका सम्बन्धमा कुनै विशेषज्ञको राय लिनु पर्दा लाग्ने दस्तुर सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ ।

१५. **उजुरी गर्न सक्ने** : (१) संस्थाले निर्धारण गरेको रोयल्टीका सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले रोयल्टी निर्धारण भएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रार समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी परेमा रजिष्ट्रारले सम्बन्धित पक्षलाई झिकाई उजुरी परेको मितिले साठी दिनभित्र निर्णय गरी त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

१६. **अनुसूचीमा संशोधन** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१७. **खारेजी र बचाउ** : (१) प्रतिलिपि अधिकार नियमावली, २०४६ खारेज गरिएको छ ।

(२) प्रतिलिपि अधिकार नियमावली, २०४६ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेका मानिने छन् ।

द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तरण भएका शब्दहरु :- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

---

Δ पहिलो संशोधनद्वारा झिकिएको ।

## अनुसूची-१
### (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)
### रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ताको लागि दिइने निवेदन

श्रीमान् रजिष्ट्रारज्यू,
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय,

प्रतिलिपि अधिकार नियमावली,२०६१ बमोजिम निम्न रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गराउनको लागि देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण धनीको नामः
२. ठेगाना :
३. नागरिकता :
४. जन्म मिति :
५. रचना भए,-
   (क) नाम र पृष्ठः
   (ख) भाषाः
   (ग) रचना पूरा भएको मिति :
   (घ) रचना पहिले प्रकाशन भएको देश र मिति :
   (ङ) प्रकाशन संख्याः
   (च) अन्य कुराः
६. ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण भए सो सम्बन्धी विवरणः
७. रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणको स्वामित्व प्रमाणित गर्ने कागजात वा प्रमाण :
८. अन्य विवरण :
   (क) .......
   (ख) .......
   (ग) .......
   (घ) .......

निवेदकको :-
सहीः
नाम :
ठेगाना :
मिति :

## अनुसूची-२
### (नियम ३ को उपनियम (३) सँग सम्बन्धित)
### <u>रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ताको प्रमाणपत्र</u>

प्रमाणपत्र संख्या :-

प्रतिलिपि अधिकार नियमावली,२०६१ बमोजिम तपाईको नाममा देहायको विवरण भएको रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गरी तपाईलाई यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

१. रचयिता, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण धनीको नामः
२. ठेगाना :
३. नागरिकता :
४. जन्म मिति :
५. रचना भएः-
    (क) नाम र पृष्ठः
    (ख) भाषाः
    (ग) रचना पूरा भएको मिति :
    (घ) रचना पहिले प्रकाशन भएको देश र मिति :
    (ङ) प्रकाशन संख्याः
    (च) अन्य कुरा :
६. ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण भए सो सम्बन्धी विवरणः
७. अन्य विवरण :
    (क) .......
    (ख) .......
    (ग) .......
    (घ) .......

<u>प्रमाणपत्र दिने अधिकारीको</u>
सही :
नामः
पद : रजिष्ट्रार
मिति :

<u>कार्यालयको छाप</u>

## अनुसूची-३
**(नियम ७ सँग सम्बन्धित)**
**संस्था दर्ता गर्न दिइने निवेदन**

श्रीमान् रजिष्ट्रारज्यू,
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय,
. . . . . . . . . . . . ।

**विषयः- संस्था दर्ता सम्बन्धमा ।**

प्रतिलिपि अधिकार नियमावली,२०६१ बमोजिम संस्था दर्ता गराउनको लागि निम्न विवरण सहित देहायका कागजातहरू संलग्न गरी यो निवेदन गरेको छु ।

१. सस्थाको नामः
२. दर्ता गर्न चाहेको विधाः
३. अन्य आवश्यक विवरणः
४. संलग्न कागजातहरूः
   (क) संस्थाको विधान,
   (ख) कार्यकारिणी समितिको पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि,
   (ग) संस्थाका सदस्यहरू संलग्नता रहेको प्रमाण,
   (घ) कार्यकारिणी समितिको निर्णयको प्रतिलिपि,

संस्थाको छाप

निवेदकको,-
सहीः
नामः
पदः
संस्थाको नामः
मितिः

**अनुसूची-४**
**(नियम ८ सँग सम्बन्धित)**
**संस्था दर्ताको प्रमाणपत्र**

श्री .....................

प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम ८ बमोजिम . . . विधामा ............... नाम रहेको संस्था दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

कार्यालयको छाप

प्रमाणपत्र दिने अधिकारीको,-
सही :
नाम :
पद : रजिष्ट्रार
कार्यालयः
मिति :